# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs Date: 22.09.2025**

---

***अरूणाचल प्रदेशको जिरो संगीत सहोत्सव***

आगामी 25 देखि 28 सितम्बरसम्म अरूणाचल प्रदेशमा सम्पन्न हुने चार दिवसीय जिरो संगीत महोत्सवमा भाग लिन सिक्किमबाट 170 सदस्यीय प्रतिनिधि टोलीलाई मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान रिज पार्क छेऊबाट हरियो झणडा देखाएर प्रस्थान गराए। यस अवसरमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ टी भुटिया र पर्यटन विभागका अतिरिक्त मुख्य सचिव सी एस राव सहित सम्बन्धित विभागका वरिष्ठ आधिकारीहरूको उपस्थिति रहेको थियो । प्रतिनिधिमण्डलले यस प्रतिष्ठित महोत्सव मार्फत अन्तर्राज्यीय सांस्कृतिक सम्बन्धलाई सुद्दढ़ पार्दै सिक्किमको जीवन्त संस्कृति, कला र संगीत प्रदर्शन गर्ने लक्ष्य राखेको छ, यस अवसरमा सिक्किमका मुख्यमन्त्रीश्री तामाङको पनि उपस्थिति रहने सम्भावना छ।

---

***प्रधानमन्त्री- नवरात्री***

प्रधानमन्त्री नरेन्द्र मोदीले नवरात्री पर्वको शुभकामना दिनुभएकोछ । श्री मोदीले एक सोशल मीडिया पोस्टमा, नवरात्रीको पावन अनुष्ठानले प्रत्येकको जीवनमा शक्ति र संकल्पको संचार गर्नेछ भनि आशा व्यक्त गर्नुभयो। जि एस टी बचत- उत्सवका साथ, स्वदेशीको मन्त्रलाई नयाँ ऊर्जा प्राप्त हुन गईरहेकोले गर्दा, यो वर्ष नवरात्रीको अवसर एकदमै विशेष रहेको, उहाँले भन्नुभयो। प्रधानमन्त्रीले विकसित तथा आत्मनिर्भर भारतको लक्ष्य प्राप्त गर्नका लागि, सामूहिक प्रयासहरू गरिने आहवान गर्नुभयो।

---

***सेवा- पर्व***

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सेवा र सुशासन मन्त्रले अभिप्रेरित सरकारले रूपान्तरण तथा प्रगतिको दिशा तर्फ निरन्दर काग गरि रहेकोछ। विशेष क्षंखला सेवा पर्वमा हामी आज मोदी सरकारले देशभरका शहरहरूमा जीवन-स्तरमा सुधार गर्दै किफायती आवास र शहरी सम्पर्कलाई कसरी बलियो बनाएकोछ भन्ने कुरा प्रस्तुत गर्दछौं।

---

***एम जी मार्ग- पाल्जोर संयुक्त निरीक्षण***

आज एमजी मार्गदेखि पाल्जोर स्टेडियम रोडसम्मको खण्डमा झुण्डिएका तारहरू तथा राम्ररी व्यवस्थित नभएको उपयोगिता पोलहरूबारे सम्बोधन गर्न संयुक्त निरीक्षण गरिएको थियो। निरीक्षणको क्रममा, धेरै महत्वपूर्ण बिन्दुहरूमा तत्काल सुधारात्मक उपायहरूका लागि सपष्ट निर्देशनहरू जारी गरयो।

तार व्यवस्थापनको अतिरिक्त, रेड पाण्डा सिँढीहरूमा ह्वीलचेयर- पहुँचयोग्य ढलान निर्माण गर्न निर्देशन दिइयो। जनस्वास्थ्य इन्जिनियरिङ विभागलाई उचित नियमन सुनिश्चित गर्न भनि निजी पानी पाइप धारकहरूलाई सूचना जारी गर्न पनि निर्देशन दिइएको थियो।

निरीक्षणले सार्वजनिक सुरक्षा सुनिश्चित गर्न सुन्दरतामा सुधार गर्न र शहरमा सुव्यवस्था कायम राख्न सेवा प्रदायकहरू बीच राम्रो समन्वयको तत्काल आवश्यकतामा जोड़ दियो।

---

## ***मंगनमा वि पि आर पि तालिम आयोजना***

ग्रामीण विकास विभागको राज्य ग्रामीण जीविकोपार्जन मिसन अन्तर्गत मंगनको ब्लक मिसन व्यवस्थापन इकाई द्वारा आज गाउँ समृद्धि र लचिलोपन योजना सम्बन्धी तालिम कार्यक्रम आयोजना गरिएको थियो।

राष्ट्रिय ग्रामीण जीविकोपार्जन मिसन द्वारा निर्देशित यस पहलको उद्देश्य सिक्किमभरि स्व- सहायता समूहहरू का लागि सहयोग सेवाहरू सुद्दढ़ पार्न विभिन्न लाइन विभागहरूसँग अभिसरणलाई वढ़ावा दिनु हो। यो सत्र सहायता वरियोजना प्रबन्धक अल्फोन्स लेप्चाद्वारा सञ्चालन गरिएको थियो भने उपनिर्देशक टोप्डेन लेप्चा, प्रमुख अतिथिको रूपमा उपस्थित थिए।

---

## ***पेन्काका सिलाट कर्नाटर***

सेप्टेम्बर 26 देखि 28 सम्म कर्नाटकको कोप्पल जिल्लाको खेलो इन्डिया सेन्टरमा आयोजना हुने 13 औं, सब जुनियर राष्ट्रिय पेन्काक सिलाट च्याम्पियनशिप 2025 मा सिक्किमको प्रतिनिधित्व गर्न सिक्किम पेन्काक सिलाट एसोसिएशन को तीन सदस्यीय टोली आज त्यसतर्फ प्रस्थान गरेकोछ। टोलीका कोच एलोमा सुब्बा र टोली प्रबन्धकमा मुक्कुम हाङ लिम्बूसँगै छन्।

संघको तर्फबाट, एस पि एस ए महासचिव तथा प्रशिक्षक भीम बहादुर सुब्बाले टोलीका सदस्यहरूलाई शुभकामना व्यक्त गर्नुभएकोछ।

---